# शारदा नगरपालिकाको कार्यालय
## खंलगा,सल्यान

# पशु स्वास्थ्य तथा पशु सेवा कार्यक्रम कार्यान्वय कार्यबिधि
## २०८०

शारदा नगरपालिका
पशु सेवा शाखा ,सल्यान

**प्रमाणिकरण मितिः२०८०।९।२८**

# पशु स्वास्थ्य तथा पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यबिधि २०८०

## पृष्ठभुमि

देशको कुल ग्राहस्थ उत्पादनमा एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढि जनसंख्याको रोजगारी तथा आयआर्जनका लागि कृषि क्षेत्रमा निर्भर रहने हुदा नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भुमिका रहेको छ ।नेपालबाट प्रत्येक बर्ष हजारौ उर्जाशिल युवा जनशक्तिहरु बैदेशिक रोजगारका लागि बिदेश जाने अबस्था अहिलेको परिवेशमा झनै ब्याप्त रहेको छ ।परम्परागत देखि अपनाई रहेको कृषि र पशुपालन पेशामा बढोत्तरी गर्दै समय सापेक्ष कृषि पेशा लाई मर्यादित र आयमुलक बनाउन जरुरी छ ।शारदा नगरपालिका भौगोलिक रुपमा कृषि र पशुपालन क्षेत्रको लागि अति नै सम्भाबना रहेको पालिकाको रुपमा रहेको छ। भने यस क्षेत्रबाट बिदेशिने हजारौ युवा जनशक्तिलाई कृषि र पशुपालन पेशामा समाहित गर्न सकेमा पशु तथा पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याउन सक्नुका साथै स्वदेशमा नै रोजगारीको सृर्जना गरी बेरोजगारीको समस्यालाई अन्त्य गर्न सकिन्छ ।

शारदा नगरपालिका सल्यानको सदरमुकाममा रहेको पहिलो नगरपालिका हो । यस नगरपालिकामा जम्मा १५ वटा वडा रहेका छन र यहाँका मानिसहरुको मुख्य पेशा व्यवसाय भनेको कृषि र पशुपालन रहको छ । यस पालिकाले गत आ.व.२०७७।०७८ मा लिएको तथ्यांक अनुसार पशुपन्छि तथा मत्स्यको संख्या १२३५०१ रहेको छ भने कृषि तर्फ जम्मा जमिनको क्षेत्रफल १९८११.९५ हेक्टर रहेको छ भने उक्त क्षेत्रफल मध्ये खेती गरिएको क्षेत्रफल ६१०१.९१ हे. रहेको छ । अधिकांस वडाहरु मध्ये वडा नं. ५,६,७,८,९,१०,११,१२ र १३ मा बाख्रापालक कृषकको संख्या अत्याधिक रहेको र उक्त वडाहरुमा व्यवसायिक बाख्रापालन पकेट क्षेत्र भएका वडाहरु हुन । यसका साथै शारदा नगरपालिकाको मुख्य बजार केन्द्रले छोएको श्रीनगर बजार, रेशम ज्युला, स्यालपानी, जोगिदेउखोला, सिमतारा, पटनेरी, सुकेखोला र भट्टाचौर लगायतका स्थानहरु रोडकोरीडोर अन्तरगतका वडाहरु क्रमश

१,२ का सबै स्थान र वडा नं. ६, १२, १४ र १५ को तल्लो भु-भागमा व्यसायिक रुपमा मासु, दुध, माछा र अण्डा र उत्पादनको लागी रुपमा गाई, भैसी, कुखुरा तथा माछा पालन व्यवसाय र मासु पसलहरु संचालन गरि कृषक तथा व्यवसायीहरुले राम्रो आम्दानी लिईरहेका छन् । यस पालिको व्यवसायिक कृषक समुह, कृषक समिति तथा सहकारीको व्ययसायमा थप सेवा प्रवाहमा समन्वय, सहकार्य र सहजिकरणका लागी शारदा नगरपालिकाले १२ वटा वडाहरुमा कृषि तथा भेटेरीनरी प्राविधिकहरुको करार सेवामा कर्मचारी व्यवस्थापन गरी आफ्नो सेवा क्षेत्रलाई विस्तार गरेको छ । यसै सन्दर्भमा शारदा नगरपालिकाबाट पारित हुने पशुंपन्छी सेवा क्षेत्रका कार्यक्रमहरुलाई व्यवस्थित, पारर्दशी, प्रभावकारी र अपेक्षित प्रतिफल उन्मुख बनाउन बान्छनिय भएकोले “**पशु स्वास्थ्य तथा पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधी २०८०**” तयार पारिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भिक** क) यो कार्यविधीको नाम पशु स्वास्थ्य तथा पशु सेवा कार्यान्वयन कार्यविधी २०८० रहेको छ ।

ख) यो कार्यविधी स्विकृत भएको मिति बाट प्रारम्भ हुने छ ।

२. **परिभाषाः-** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) “नगरपालिका” भन्नाले शारदा नगरपालिका सम्झनु पर्दछ ।

ख) “मेयर” भन्नाले नगर कार्यपालिकाको मेयर सम्झनु पर्दछ ।

ग) “उपमेयर” भन्नाले नगर कार्यपालिकाको उपमेयर सम्झनु पर्दछ ।

घ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

ङ) “वडाअध्यक्ष” भन्नाले शारदा नगरपालिकाको वडाका वडा अध्यक्ष सम्झनु पर्दछ ।

च) “कार्यविधि” भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा कार्यान्वयन कार्यविधी २०८० सम्झनु पर्दछ ।

छ) “अनुदान” भन्नाले पशुपन्छी पालन व्यवसायमा सहयोग पुर्याउन उपलब्ध गराइने नगद तथा वस्तुगत सहयोग सम्झनु पर्दछ ।

ज) कार्यालय भन्नाले अनुदान प्रवाह गर्ने शारदा नगरपालिका सल्यान सम्झनु पर्दछ ।

झ) “पशुपन्छी” भन्नाले व्यावसायिक रुपमा घरपालुवा पशुपंछी तथा मत्स्यका विभिन्न जाती सम्झनु पर्दछ ।

ञ) “व्यावसायिक फार्म” भन्नाले शारदा नगरपालिका सल्यानको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधी २०७६ बमोजिम दर्ता भएका फार्मलाइ संम्झनु पर्दछ ।

**ट)** "सहकारी संस्था भन्नाले सहकारी एन २०७४ बमोजिम गठन २५ जना सदस्य भएका सहकारी सम्झनु पर्दछ ।

ठ) "समुह" भन्नाले यस कार्यविधी अनुसार गठन भइ यस पालिकामा दर्ता/सुचिकृत भएका१० देखी १५ जनाको पशुपालक समुहलाई सम्झनु पर्दछ ।

ड) "साझेदारी कम्पनी भन्नाले २ वा २ भन्दा बढी सदस्यहरुको शेयरमा सन्चालन भई कम्पनी एन २०६३ बमोजिम दर्ता भएको संस्थालाई सम्झनु पर्दछ ।

ढ) "लाभग्राही भन्नाले निजि व्यवसायी/व्यक्तिगत फार्म/समुह/सहकारी संस्था/कम्पनी/वडा सम्पूर्ण कृषकहरु सम्झनु पर्दछ ।

ण) "पुर्बाधार" भन्नाले भवन र कृषि तथा पशुपन्छी पालनमा आवश्यक पर्ने अन्य मेशिनरी औजार उपकरण लगायतका सम्बन्धित खर्च शिर्षकबाट खरिद तथा निर्माण गरिने संरचना एंव बस्तुहरु सम्झनु पर्दछ ।

त) "विउ पशुपन्छी भन्नाले जातिय पहिचान भएका प्रजनन् योग्य भाले तथा पोथी जातका पशुपन्छीलाई सम्झनु पर्दछ ।

## परिच्छेद –२

## पशु विकास कार्य समिति

### २ कार्यक्रमको उद्देश्यहरुः

१.पशु सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने ।

२.नगर सभाबाट विनियोजित रकमलाइ पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने

३.संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने।

४. नगरपालिकालाई दुध, अण्डा,माछा र मासुमा आत्मनिर्भर बनाउन सहयोग गर्ने ।

५. पशुपन्छीपालन व्यवसायको उद्यमशीलता प्रबर्धन एव व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने |

६.पशुपालन व्यवसायबाट उत्पादन हुने पदार्थहरु -दुध, दहि, माछा, मासु )को गुणस्तर सुधार गर्ने र उत्पादन लागतमा न्युनिकरण गर्ने

७.कृषकहरुलाई उत्पादनको आधारमा अनुदानको व्यवस्था गरि उत्पादन बढाउने तर्फ उत्साहित गर्ने

**कार्यक्रम स्थल छनौटका आधारः**

आवश्यकता र माग बमोजिम कार्यक्रमको प्रकृति हेरि नगरपालिका भित्र कार्यक्रम संचालन स्थल छनौट गरिने छ ।

.नगर पशु सेवा कार्य समिति :

**नगर पशु सेवा कार्य समिति देहाय बमोजिम बठन गर्न सकिने छ ।**

| | |
|---|---|
| १. नगर प्रमुख /नगर कार्यपालिकाले तोकेको व्यक्ती | संयोजक |
| २. उप प्रमुख | सदस्य |
| ३ .प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४ .नगर प्रमुखले तोकेको एक जना वडा अध्यक्ष | सदस्य |
| ५ .योजना शाखा प्रमुख | सदस्य |
| ६ . नगर कार्यपालिका वैठकबाट तोकेको महिला सदस्य सहित | २ जना सदस्य |
| ७ .पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

यस समितिले उपयूक्त देखेको खण्डमा विषय विज्ञ तथा अन्य आवश्यक व्यक्ति मध्ये ३ जना पदाधिकारीहरु लाई आमन्त्रण गर्न सक्ने छ । साथै आवश्यक ठानेमा मूल्याङकण उपसमिति समेत गठन गर्न सकिने छ ।

६. नगर पशु सेवा कार्य समितिको काम ,कर्तव्य र अधिकार

क .तोकिएको लक्षय अनुसार कार्य संचालन गर्ने कार्यविधि अनुरूप अनुदानका कार्यक्रमको लागि वैठक बसालि प्रस्ताव लिने र आवश्यकता अनुसार निर्णय तथा सिफारीस गर्ने ।

ख .आवश्यक परेमा समितिले फिल्ड भेरिफिकेशन गर्न सक्ने छ ।

## परिच्छेद ३

### ३. पशु स्वास्थ्य तथा पशु सेवा कार्यक्रम

क) **पशु स्वास्थ्य तथा पशु सेवा कार्यक्रमः** पशु स्वास्थ्य तथा पशु सेवा एन, २०५५, पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६, पशु बधशाला तथा मासु जाँच एन, २०५५, पशु बधशाला र मासु जाचँ नियमावली, २०५७ अनुसार तोकीएका कार्यक्रम र विश्व पशु स्वास्थ्य सँगठन ओ आई ई र नेपाल राजपत्रमा उल्लेखित भएका सक्रामक रोगको पहिचान नियन्त्रण रोकथाम र पुर्व तयारीका लागि सञ्चालन गरिने सम्बन्धीत कार्यक्रमहरु ।

ख ) **खोप लगाउदा भ्याक्सिनेटर तथा प्राबिधिकहरुलाई दिईने पारिश्रमिक खर्चको सिमाः**

| क स | पशुपन्छीको जात | प्रति डोज मुल्य रु | कैफियत |
|---|---|---|---|
| १ | गाई, भैसी, | २५ | |
| २ | भेडा, बाख्रा | १५ | |
| ३ | पन्छिं | ५ | |
| ४ | घरपालुवा कुकुर तथा सामुदायिक कुकुर र बिरालो | १०० | |
| ५ | बंगूर | २५ | |

**ग ) प्रसांगिक बिषयः**

१. भ्याक्सिन कार्यक्रम सञ्चालन गर्नु अघि सम्बन्धीत वडा कार्यलयमा जानकारी गराउनु पर्ने।

२. भ्याक्सिनेटरको पारिश्रमिक भुक्तानी गर्नु अघि सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र आवश्यक पर्ने ।

३. भ्याक्सिन लगाएको तथ्यांकको प्रगति विवरण पशु सेवा शाखामा पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यान निर्देशनालय र मन्त्रालयमा भ्याक्सिनेशन समाप्त पछि रिपोटिङ् गर्नुपर्ने छ ।

**४.पशु स्वास्थ्य शिविर सञ्चालनः**

**उदेश्यः**

१.नियमित पशु स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेको कृषक समुह र उद्यमीहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउने।

२. पशुपन्छिहरुको रोग निदान उपचार र रोग नियन्त्रणमा सहयोग पुर्याउने ।

३. पशु स्वास्थ्य तथा भेटेरीनरी जनस्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि गर्न ।

**क) मुख्य क्रियाकलापहरुः**

१. पशु स्वास्थ्य शिविर सन्बन्धी प्रचार प्रसार गर्न ।

२. औषधि तथा खोप सेवा सञ्चालन गर्न।

३. पशुहरुमा देखा परेको बाँझोपनको पहिचान तथा उपचार सेवा गर्ने।

४. अस्थाई ट्रेविज निमार्ण तथा उपचार ।

५. पशु बन्धायकरण, माईनर सर्जिकल उपचार लगायतका अन्य सेवाहरु ।

**ख) अधिकतम खर्चको सिमाः**

१. प्रति शिविर सञ्चालन तथा ब्यवस्थापन गर्नका लागि अधिकतम एक लाख पचास हजार रुपैया सम्म खर्च गर्न सकिने छ ।

२. पशु स्वास्थ्य शिविरमा कृषकहरुको पशु चौपायाहरुलाइ निशुल्क उपचार सेवा प्रवाहा गरिने छ ।

**घ) न्यूनतम मापदण्ड र प्रक्रियाः**

१. पशु स्वास्थ्य शिविर संञ्चालन गर्नु पुर्व सेवाको पहुँच तथा अपरिहार्यताको आधारमा वडा तहमा वडा अध्ययक्ष सगँ समन्वय र सहकार्य गरी शिविर सन्चालन गर्ने साथै वडा तहमा उपयुक्त स्थान छनौट गर्ने

२. शिविर सन्चालनको मिति, समय र स्थानको निर्धारण गरी वडा कार्यलयमा अनिवार्य रुपमा जानकारी गराउनु पर्ने छ ।

३. शिविर सन्चालन हुनु भन्दा एक हप्ता अगाडी संचार माध्यमबाट प्रचार प्रसार गर्नुपर्ने छ।

४. शिविर सन्चालनका लागि आवश्यक पर्ने बिशेषज्ञ सहितको टोलिको ब्यवस्थापनका लागि पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यान लगायत जिल्ला स्थित सरोकार वाला निकायहरुसगं सहकार्य  समन्वय गरी शिविर सन्चालन गर्न सकिने छ।

५. शिविरका लागि आवश्यक पर्ने औषधि खोप तथा अन्य सामाग्रीहरुको ब्यवस्थापन सम्बन्धित पशु सेवा शाखाले गर्ने छ ।

६.थप प्राबिधिक सहयोग र आबश्यकता परेमा सरोकारवाला नियकाहरुको संमन्वय र साझेदारीमा शिविर सन्चालन गर्न सक्ने छ।

**१ दिने पशु स्वास्थ्य शिविर सन्चालनको खर्चको सिमा तथा कार्ययोजना**

| क स | कार्यविवरण | परिमाण | रकम रु. हजारमा | कैफियत |
|---|---|---|---|---|
| १ | औषधि खरिद | १ पटक | १००००० | |
| २ | ब्यानर | १ थान | १००० | |
| ३ | नगर प्रमुख नगर उप प्रमुख लगायत प्रमुख | ५ जना | २१५०० | |

| | | | | |
|---|---|---|---|---|
| | प्रशाकिय अधिकृत लगायत कर्मचारीहरुको अनुगमण भत्ता | | | |
| ४ | गाडि भाडा | १ दिन | ४५०० | |
| ५ | ब्यवस्थापन खर्च | १ दिन | ५००० | |
| ६ | बिशेषज्ञ तथा प्राबिधिकहरुलाई टी ए डी ए | ३ दिन | १३००० | |
| ७ | खाना खर्च | ७-१० जना | ३५०० | |
| ८ | खाजा | ७-१० जना | १५०० | |
| **जम्मा** | | | १,५०,००० | |

**५ कार्यक्रमको नामः  तथ्याङ् संकलन बिश्लेषण र प्रकाशनः**

**उदेश्यः**

पशुन्छीसँग सम्बन्धित तथ्याङ्कको सकंलन तथा बिश्लेषण गर्ने ।

**क) प्रमुख क्रियाकलापहरुः**

१. बार्षिक कार्यक्रमको प्रगति तयारी तथा प्रकाशन गर्ने ।

२. पशुपन्छीहरुको उत्पादनको रेकर्ड राख्न सकिने छ ।

३. पशुपन्छीहरुको संख्याको रेकर्ड पशुपन्छीहरुको बजार मुल्य सूचना सङ्कलन गर्ने

४. पशुपन्छीहरुमा संलग्न ब्यवसायी सेवा प्रदायक उद्योग,उधमीको विवरण तथा प्रोफाईल

५. सरोकारवाला आयोजना तथा परियोजनासंग सम्बन्धित प्रगति तथा तथ्याङ्क पुस्तिका संकलन गरी सहयोगी रिफ्रेशरको रुपमा लिन सकिने छ ।

६. सरोकारवाला निकायहरुबाट अनुदान प्राप्त अनुदान ग्राहीहरुको विवरण सङ्कलन तथा अध्यावधिक गर्ने ।

७. पशुपन्छी रोग तथा इपिडियोमोलिजिकल रिपोट्रीङ् र प्रतिबेदन अपडेट गर्ने ।

८.पशुपन्छीहरुको उत्पादनको रेकर्ड माषिक र बार्षिक रुपमा संकलन गरी बार्षिक प्रगति पुस्तिकामा समाबेश गरी प्रकाशन गर्ने।

**ख) लागत रकम र अधिकतम सिमाः**

१. पशुपन्छीहरुको माषिक मुल्य संकलन तथा पशुजन्य उत्पादनको विवरण संकलन र त्यसको कम्पाईलेसन गरी सम्बन्धित निकाय पशु अस्पताल तथा पशु सेवा कार्यलय, सल्यान र सरोकारवाला प्रदेश तथा संघिय कार्यालयहरुमा रिपोटीङ् गरे पश्चात तोकीएको कर्मचारीलाई माषिक रुपमा एक हजार भुक्तानी दिईने छ ।

२. पशुपन्छीमा संलग्न व्यवसायी उदयोग र उदयमीको विवरण तथा प्रोफाईल बार्षिक रुपमा एक पटक संकलन तथा प्रकाशन गर्न सकिने छ ।

३. प्रोफाईल तयारी र प्रकाशनमा लाग्ने खर्चको सिमा एक लाख रुपैया सम्म हुने छ

४. पशु सेवा शाखाले विभिन्न आयोजना र परियोजनाले कृषि तथा पशुपन्छीहरु सगं सम्बन्धित कार्यक्रमहरु सन्चालन गरेको अबस्थामा ति निकायहरु सगं समन्वय र सहकार्य प्रगति तथा ति कार्यक्रमहरुबाट कृषकहरुले लिएको उपलब्धिहरु/प्रगतिहरु लाई पुस्तिकामा प्रकाशन गर्ने सकिने छ।

४. पशुपन्छीहरुको माषिक बजार मुल्य र पशुजन्य उत्पादनको सूचना संकलन गरी हरेक महिनाको २८ गते भित्र पशु अस्पताल तथा पशु सेवा कार्यालय, सल्यान र सरोकारावाला प्रदेश तथा संघिय कार्यालयहरुमा पठाउनु पर्ने छ।

**न्युनतम मापदण्डः**

१. बार्षिक प्रगति पुस्तिका तयारी कम्पाईलेशन तथा प्रकाशनका लागि अधिकतम एक लाख रुपैया खर्च गर्न सकिने छ ।

२.वार्षिक प्रगति पुस्तिकामा पालिककाको कार्यपालिका सदस्य लगायत पालिकको सम्पुर्ण शाखा र एक एक प्रति अनिवार्य रुपमा दिनु पर्ने छ।

३.बार्षिक प्रगति पुस्तिका जिल्ला स्थित सरोकारवाला निकायहरुमा समेत पठाउनु पर्ने

## परिच्छेद ४

व्यवसायिक फार्म दर्ताको मापदण्ड

| क्र स | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | माउ गाई | ५ | |
| २ | माउ भैसी | ५ | |
| ३ | माउ बाखा भेडा | २० | |
| ४ | माउ बंगूर | ५ | |
| ५ | लेर्यस कुखुरा | ५०० | |
| ६ | ब्रोइलर | २०० | |
| ७ | स्थानिय कुखुरा | २०० | |
| ८ | माछा पोखरी | २ रोपनी | |
| ९ | घाँस नर्सरी | ५ रोपनी | |
| १० | कृषक समुह दर्ता | १० -१५ जना सदस्य | |
| ११ | सहकारी दर्ता | २५ जना | |
| १२ | बिशिष्ट जातका पन्छि फार्म दर्ता | १०० | |

**ब्यावसायिक पशुपन्छी फार्म तथा समुह सहकारी दर्ता प्रक्रियाको आर्थिक नम्स तथा खर्चको सिमाः**

१ ब्यावसायिक पशुपन्छी फार्म दर्ता शुल्कः ५००

२ मासु पसल डेरी उद्योग दर्ता शुल्कः ५००

३ पाराभेट एग्रोभेट ग्रा.प.स्वा.का दर्ता शुल्कः५००

४ समुह सहकारी दर्ताः ५००

५ फार्म नविकरणः १ बर्षमा

*ब्यावसायिक फार्म दर्ता प्रक्रिया*

- ❖ निबेदन
- ❖ रु १० को हुलाक टिकट
- ❖ सम्बन्धित वडाको सिफारिस पत्र |
- ❖ नागरिकताको प्रतिलिपि |
- ❖ २प्रति पासपोर्ट साइजको फोटो
- ❖ चार किल्ला प्रमाणित पत्र,
- ❖ आफ्नै जग्गा भए लालपूर्जाको प्रतिलिपी
- ❖ जग्गा भाडामा भए सो को १० वर्षको सम्झौता पत्र
- ❖ एका घरको भए मन्जुरिनामा
- ❖ रु ५०० को राजस्व शाखामा राजस्व बुझाएको रसिद

*समूह दर्ता प्रक्रिया :*

- ❖ सम्बन्धित वडाको सिफारिस पत्र
- ❖ समूह दर्ता गर्ने निर्णय
- ❖ २ प्रति समुहको बिधान
- ❖ समुहको पदाधिकारीहरुको नागरिताको प्रतिलिपि
- ❖ समुहको छाप
- ❖ रु १००० को राजस्व शाखामा राजस्व बुझाएको रसिद

नोट :

- ❖ दर्ता भएका फार्म समूहलाई/एग्रोभेट/नगरपालिकाले आधिकारिक प्रमाण पत्र उपलब्ध गराउने छ
- ❖ दर्ता भएका फार्म/एग्रोभेट समूहले प्रत्यक/१ बर्षमा नवीकरण गर्नु पर्ने छ |
- ❖ दर्ता भएका फार्म एग्रोभेट/समुहको समय समयमा अनुगमन गरिने छ र कानुन विपरित कामकाज नगरेको पाइएमा तुरुन्त कारबाही प्रक्रियामा अगाडी बढाइने छ

१. थपघट गर्न सक्ने

क) यो कार्यविधिको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यापलिकाले आवश्यकता अनुसार थपघट गर्न सक्ने छ ।

ख) यस कार्याविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यापालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

<u>*वैठक संचालन प्रक्रिया*</u>

१.वैठक संचालनमा सहजिकरण नगरपालिकाका भेटेरीनरी प्राविधिकले गर्नु पर्ने छ
२.खाजा खर्च एक पटकमा २० देखि २५ जनालाइ मात्र हुनेछ ।
३. बैठक आवश्यकता अनुसार वस्न सक्ने छ ।
४. खाजा खर्च प्रतिव्यक्ति रू २०० हुनेछ।
५. वडा तहबाट पालिकामा बैठक तथा गोष्ठीमा सहभागि हुन आउदा जादा लाग्ने यातायात खर्च बाफत प्रतिब्यक्ती रु ५०० भुक्तानी गरिने छ ।

६. पशु स्वास्थ्य कार्यक्रम

डिस्पेन्सरी फाँटबाट औषधि उपचार हुने पशुपन्छीहरुको आर्थिक नम्स(राजस्व)

| क्र.स. | पशुपन्छी विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | गाई भैसी | २० | |
| २ | भेडा बाख्रा | १० | |
| ३ | बंगूर | १५ | |
| ४ | हाँस कुखूरा | १० | |
| ५ | कुकुर बिरालो | ५० | |
| ६ | कृत्तिम गर्भाधान | ५० | |
| ७ | क्यास्टेशन | | |
| ८ | बोका | १५ | |
| ९ | रागो/ सांढे | ५० | |

२.पशु आहारा तथा सेवा कार्यक्रम अन्तर्गत हिँउदे तथा बर्षे घाँस विउ तथा डाले घाँसको बेर्ना खरिद गर्ने खर्चको सिमा तथा आर्थिक नर्म्स ।

| क्र.स. | पशुपन्छी विवरण | इकाइ | दर | कैफियत |
|---|---|---|---|---|
| १ | बर्षिम | कि ग्रा | ३८० | |
| २ | जै | कि ग्रा | १३५ | |
| ३ | भेच | कि ग्रा | २८५ | |
| ४ | सुपरनेपियर | सेट | १५ | |
| ५ | थिन नेपियर | सेट | १० | |
| ६ | पासपालम | सेट | ५ | |
| ७ | मुलाटो | सेट | ५ | |
| ८ | बदामे घाँस | सेट | ५ | |
| ९ | सुम्बासेटारीया | सेट | १५ | |
| १० | अम्लिसो | सेट | २५ | |
| ११ | मकैचरी | कि ग्रा | २५० | |
| १२ | स्टाइला | कि ग्रा | २८५ | |
| १३ | सिग्नल | कि ग्रा | १९५ | |
| १४ | बडहर | बेर्ना | ५० | |
| १५ | इपिल इपिल | बेर्ना | २५ | |
| १६ | बकाईनो | बेर्ना | २५ | |
| १७ | राइ खन्यु | बेर्ना | ५० | |
| १८ | टाँकी | बेर्ना | ३५ | |
| १९ | भटमास | बेर्ना | ३५ | |
| २० | मेन्दुला | बेर्ना | ३५ | |
| २१ | लहरे पिपल | बेर्ना | ५० | |